# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं. : २०८१/०८२
च.नं. : —

मिति : २०८१/०८/१९

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

सूचना !! सूचना !! सूचना!!

## जग्गा भाडामा लिने बारेको १५ दिने सार्वजनिक सूचना ( प्रथम पटक प्रकाशित मिति २०८१/०८/१९ )

चन्द्रागिरि नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेटबाट कृषि, पशुपंक्षि तथा स्थानीय उत्पादन एकीकृत बजार सञ्चालन गर्नका लागि जग्गा भाडामा लिनुपर्ने भएको हुँदा तपशिलमा उल्लेख गरिए बमोजिमको स्थानमा जग्गा भाडामा दिन ईच्छुक जग्गा धनी/संस्था/कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र के कति रकममा भाडामा दिन सक्ने हो, आवश्यक कागजात सहित चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वलम्वु, काठमाडौंमा सिलवन्दि दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

जग्गा भाडामा लिने स्थान:

| सि.नं. | जग्गा भाडामा लिने स्थान | क्षेत्रफल |
|---|---|---|
| १. | वडा नं. ११ सतुंगल देखि वडा नं. ६ र ७ चेकपोष्ट मुलसडकसंग जोडिएको वा दायाँ वायाँ ३०० मिटर सम्म | ५ रोपनी |


Website : chandragirimun.gov.np

Email : chandragirimun@gmail.com

# चन्द्रागिरि नगरपालिका
# 𑐔𑐣𑑂𑐡𑑂𑐬𑐵𑐐𑐶𑐬𑐶 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल


प.सं. : २०८१/०८२
च.नं. : ————


फोन नं. ०१-४३१५७६६


मिति : २०८१/०८/१५

शर्तहरु:

१.प्रस्तावित जग्गा वडा नं. ११ सतुंगल देखि वडा नं. ६ र ७ चेकपोष्ट सम्मको मुख्य सडकसंग जोडिएको वा दायाँ वायाँ ३०० मिटर भित्र मोटर बाटोसंग जोडिएको हुनुपर्नेछ ।

२. एकै प्लटमा जोडिएको फरक फरक जग्गा धनी भएमा जग्गाधनीले संयुक्त निवेदन पेश गर्नु पर्नेछ।

३. पानी, बिजुली बत्ती र ढल निकासको राम्रो व्यवस्था भएको हुनुपर्ने छ ।

४. म्याद नाघी प्राप्त भएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।

५. यसमा माथिका शर्त वाहेको अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

६. वहाल अवधि कम्तिमा १०(दश) वर्षको हुनेछ ।

७. कार्यालयले वहाल रकम भुक्तानी गर्दा नियमानुसार लाग्ने करहरु कट्टा गरि चौमासिक रुपमा भुक्तानी गर्ने छ ।

८. पेश भएका प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

आवश्यक कागजातहरु:

१. प्रस्तावित जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि ।

२. आ.व. २०८१/०८२ सम्मको नगरपालिकामा बुझाउनु पर्ने सम्पूर्ण करहरु चुक्ता गरेको प्रमाण ।

३. संस्था वा कम्पनी भएमा आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाण पत्र प्रतिलिपि।

४.जग्गाधनीको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।संस्था वा कम्पनी भएमा सञ्चालकहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

५.जग्गा भाडामा दिन चाहेको मासिक भाडा दर मूल्य खुलेको निवेदन ।

२०८१/०८/१५

राजु बहादुर खड्का
उद्योग, वाणिज्य तथा व्यवसाय प्रवर्द्धन शाखा प्रमुख